प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

jif{!# c³s # kÚff{³s ^( ljwfsf]lbt ;flxlTos klqsf @)&& efb|–cflZjg

संस्थापक
**वसन्तकुमार शर्मा नेपाल**

संरक्षक
**राधादेवी शर्मा**

निर्देशक
**विनयकुमार शर्मा नेपाल**

प्रधान सम्पादक
**ठाकुर शर्मा भण्डारी**

सम्पादक
**यादव भट्टराई**

सहयोगी
**कमला नेपाल**
**महेशप्रसाद रिजाल**
**भाभा शर्मा**
**आभा शर्मा**
**मातृका आचार्य**
**विभव नेपाल**

प्रकाशक
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौँ

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÚf{lhDd]jf/ :jod\n]vs g}xg'Fg\.

# सम्पादकीय

## ● सम्पादकीय

● नेपाली भाषा साहित्यको श्रीवृद्धिमा एवं नयाँ पुराना स्रष्टाहरूलाई रचना प्रकाशनको लागि यथायोग्य स्थान दिएर अगाडि बढाउने क्रममा 'वैजयन्ती'को ६८औं अङ्कसम्म पुग्दा हामीलाई सन्तोषको अनुभूति भएको छ ।

● विभिन्न विधाका अङ्कहरू प्रकाशनमा ल्याउने क्रममा कवितामा छन्द (पद्य), मुक्तछन्द (गद्य), मुक्तक, गजल, आख्यानमा कथा, लघुकथा, लघुउपन्यास, निबन्धमा निजात्मक वा आत्मपरक निबन्ध, नियात्रा, जीवनी, समालोचना आदिका अनेकौं अङ्क निकाल्यौं तर हामीलाई गीत अङ्क प्रकाशनमा ल्याउन नसक्दा मन अमिलिएको अवश्य हो ।

● यसका लागि पहिले पनि प्रशस्त प्रयास नभएको होइन र यो पत्रिका विधाकेन्द्री पत्रिका भएको हुनाले अङ्क निकाल्न पुग्ने गीत जम्मा गर्न सकेका थिएनौं । अहिले जेजस्तो भए पनि गीत अङ्क निकाल्नुपर्छ भन्ने अठोटका साथ लाग्यौं, स्रष्टाहरूले पनि हाम्रो आग्रहलाई स्वीकार गर्नुभयो, आफ्ना रचना पठाउनुभयो र यो ६९ औं अङ्कको रूपमा प्रकाशनमा ल्याउन सफल भएका छौं । यसका लागि सहयोग गर्नुहुने समस्त गीतकारहरूप्रति आभार व्यक्त गर्दछौं ।

● प्रारम्भदेखि नै 'पुछारको पातो' स्तम्भअन्तर्गत समालोचना क्षेत्रका हस्ती समालोचक एवं विद्वान्हरूबाट सम्बन्धित विधाको विषयमा लेखिएका सैद्धान्तिक लेखहरूले 'वैजयन्ती' पत्रिकाको गरिमालाई बढाउनुका साथै नेपाली साहित्यका पाठकहरूलाई अवश्य पनि लाभ पुगेको छ र अनुसन्धानकर्ताका लागि पनि अत्यन्त उपयोगी भएको छ भन्ने कुरामा हामी विश्वस्त भएका छौं ।

● वैजयन्तीलाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुने नै छ भन्नेमा हामी विश्वस्त छौं ।

**संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, नाटक/एकाङ्की-२, गीत-१, विदेशयात्रा-२, मुक्तक-३, गजल-३, राष्ट्रिय-व्यक्तित्व-५, लघुकथा-४, स्वदेशयात्रा-४, संस्मरण-५, गद्यकविता-६, कथा-६, निबन्ध-७ समीक्षा-७, छन्दकविता-१० ओटा अङ्कहरू निकालिसकेको**

**साहित्यिक पत्रिका वैजयन्तीको**

**७० औं अङ्क संस्मरण हुनेछ ।**

● **शब्दार्थ प्रकाशन**को **वेब साइड**मा **वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।





## यस अङ्कमा


| क्रम गीतकार | पृष्ठ | गीतकार | पृष्ठ |
|---|---|---|---|
| १. डा. अच्युत शर्मा | ५ | ३२. प्रकाशमणि दहाल | ३६ |
| २. अमर निराकार राई | ६ | ३३. प्रदीप नेपाल | ३७ |
| ३. असफल गौतम | ७ | ३४. प्रेमनारायण भुसाल | ३८ |
| ४. आत्माराम खरेल | ८ | ३५. बाबुराम श्रेष्ठ 'यात्री' | ३९ |
| ५. इन्द्रकुमार श्रेष्ठ सरित् | ९ | ३६. बालकृष्ण भट्टराई | ४० |
| ६. इद्रिस सायल | १० | ३७. बोधराज पौडेल | ४१ |
| ७. इन्दिरा चापागाईं | ११ | ३८. भावकेशर बराल | ४२ |
| ८. डा.उत्तम खनाल | १२ | ३९. मधुर भट्टराई | ४३ |
| ९. उपमा आचार्य | १३ | ४०. महेशप्रसाद रिजाल | ४४ |
| १०. डा. ऋषि बस्ताकोटी | १४ | ४१. महादेव अधिकारी | ४५ |
| ११. एन. पि. भट्टराई | १५ | ४२. यमराज तिमिल्सिना | ४६ |
| १२. कृष्ण प्रधान | १६ | ४३. यादव भट्टराई | ४७ |
| १३. खगेन्द्र खोल्साघरे | १७ | ४४. राकेश कार्की | ४८ |
| १४. गणेश नेपाली | १८ | ४५. रामकुमार पण्डित 'क्षत्री' | ४९ |
| १५. गम बयम्बु मगर | १९ | ४६. रामप्रसाद ज्ञवाली | ५० |
| १६. गीता शर्मा | २० | ४७. रामप्रसाद पन्त | ५१ |
| १७. चूडामणि नेपाल | २१ | ४८. रामसुन्दर देउजा | ५२ |
| १८. छवि ज्ञवाली | २२ | ४९. रामहरि पौड्याल | ५३ |
| १९. जनकराज अधिकारी | २३ | ५०. रासा | ५४ |
| २०. जनक वाग्ले | २४ | ५१. लक्ष्मी जोशी 'श्रेष्ठ' | ५५ |
| २१. जनार्दन दाहाल | २५ | ५२. विनयकुमार शर्मा नेपाल | ५६ |
| २२. जेबी खत्री | २६ | ५३. विनोद नेपाल | ५७ |
| २३. तिलस्मी प्रभास | २७ | ५४ विष्णुप्रसाद आचार्य | ५८ |
| २४. दुर्गा वनवासी | २८ | ५५. शिखर दुलाल | ५९ |
| २५. देवेन्द्र अर्याल 'आँसु' | २८ | ५६. शेखरकुमार श्रेष्ठ | ६० |
| २६. नन्दलाल आचार्य | ३० | ५७. सरस्वती ढुङ्गाना | ६१ |
| २७. नारायण नेपाल | ३१ | ५८. सुमन श्रापित | ६२ |
| २८. नारायणप्रसाद न्यौपाने | ३२ | ५९. सुरेश काफ्ले 'विदारक | ६३ |
| २९. पुण्य कार्की | ३३ | ६०. सुवाश जमरकट्टेल | ६४ |
| ३०. पुरुषोत्तम सिग्देल | ३४ | ६१. स्पन्दन विनोद | ६५ |
| ३१. प्रकाश खड्का 'अभियान' | ३५ | ६२. हरि कट्टेल | ६६ |
| | | ६३. हरिशरण ढुङ्गाना | ६७ |


## स्थायी स्तम्भ


आवरण चित्र : अनुभूति गुप्ता, उत्तरप्रदेश, भारत

पुछारको पातो : गीतको सैद्धान्तिक स्वरूप ज्ञानु अधिकारी ६९

नेपालका केही पुस्तक पसलहरू : ७७

शब्दार्थ प्रकाशनका पुस्तकहरू : ८१

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालीसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (संस्मरण) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |

**अब हाम्रो पालो**

संस्मरण, कथा अङ्क।

**http://www.nepalipublisher.com**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**





## डा. अच्युत शर्मा

धर्ती टेकी आकाश हेरी त्यहीँ  तिमी रमाउने गर
मनको अन्धकार त्यागी त्यहीँ प्रकाश पाउने गर।

आकाश तिम्रो घर होइन धर्ती नै तिम्रो बास हो
जान्छौ जहाँ रमाउने गर त्यही  तिम्रो आँगन हो।

हात तिमीले दिँदा अर्को हात लम्की आउँछ
छ को टाढा आफू लम्कँदा सब नगीच भै दिन्छ।

सोच तिम्रो राम्रो हुँदा आत्मीयता त्यही हुन्छ
कुना कुनामा सब तिम्रै आफ्नै भै दिन्छ।

वर्तमान नै यो हिजो गयो भोलि छ कहाँ कहाँ
रीसराग त्यागी  दिँदा  तिम्रो पहिचान जहाँ तहाँ।

आफूले आफैलाई नचिन्दा दुःख कति झेल्ने होला
न्याउरी  मारी पछुताउँदा रूनु कति पर्ने होला।

---

## अमर निराकार राई

तिम्रो अधरको मुस्कानमा सल्बलाउँछ मेरो खुसी
तिम्रो आँखाको पलकसँगै चल्मलाउँछ मेरो सपनी ।

जति टाढ-टाढा भए नि ! म ता तिमीलाई विश्वास गर्छु नि !
आज एक्लै-एक्लै भए नि ! यादहरूको घरमा सँगै छौं नि !

तिम्रो मायाको शीतल-छायामा बाँचिदिन्छ मेरो जिन्दगी
तिम्रो आँखाको पलकसँगै चल्मलाउँछ मेरो सपनी ।

सबैले दोष तिम्लाई दिए नि ! म ता तिमीलाई साथ दिन्छु नि !
दुनियाँले घृणा तिम्लाई गरे नि ! म ता तिमीलाई माया गर्छु नि !

तिम्रो छातीको देब्रे पाटोमा धड्किन्छ मेरो ढुकढुकी
तिम्रो अधरको मुस्कानमा सल्बलाउँछ मेरो खुसी.....।

दार्जिलिङ ।

---

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि,**
**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम**
**तपाईंका लागि उपलब्धिपूर्ण**
**हुन सक्छन् !**

web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com





## असफल गौतम

जब रात ढल्दै थियो सपनीमा देखें
मध्यरातमै बिउँझिएर एउटा चिठी लेखें ।

अन्जानमा गल्ती होइन होला आनाकानी
ओत लाग्ने बास तिम्लाई साचें जानाजानी ।

जवानीको नशा फेरि घर्की जान्छ अरे !
जसो पर्ला त्यसै टर्ला भेट्नै जान्छु भरे ।

हातैभरि राता चुरा, साडी चोली लाउली
महिना भरमा पन्ध्र दिन माइतैमा जाउली ।

दिलमा तस्वीर बसेपछि के गाह्रो भो बोल्न
मनमै पुज्ने ओंठहरू जान्नुपर्ने खोल्न ।

आशाहरू सँगालेंछु आऊ गरौं बात
पीडामाथि नबढाइदेऊ अब अन्तर्घात ।

मुटुभित्र निष्ठुरीको तस्वीर गढेपछि
यस्तै हुन्छ भन्छन् साथी बैंस चढेपछि ।

ठूलाडिही ७ स्याङ्जा ।

---

## आत्माराम खरेल

रोजै पर्खिरहेछु हृदय यो बिछ्याएर
रोजै फर्किरहेछु नयन यो भिजाएर ।

मायालुकै साथमा नाच्ने रहर पालेर
आफ्नै जन्मभूमिमा बाँच्ने रहर पालेर ।

तिम्रै छाया आइदिन्छ यी आँखा वरिपरि
तिम्रै गला गुन्जिदिन्छ यी कान वरिपरि ।

हाम्रो माया अल्भिदिन्छ सीमानाको दूरीमा
कैले आई मिलिदिन्छ खुसी हाम्रो छातीमा ।

तिम्रा सारा आँसुहरू भुलिदिन सक्दिनँ
आफ्ना सारा वाचाहरू बिर्सिदिन सक्दिनँ ।

पर्खिबस्छु माया यहाँ भुलिदिन सक्दिनँ
जीवन मेरो यो देश बिर्सिदिन सक्दिनँ ।

भक्तपुर ।

---





## इन्द्रकुमार श्रेष्ठ सरित्

भूमरा भूमरा काले लोभी भूमरा
भुनभुन गर्दै मेरो वरिपरि नहाल न घेरा ।

भूमरा भूमरा म त काले भूमरा
जहाँ देखें फूलको रस त्यहीं मेरो डेरा ।

भूमराको जालमा म त कहिल्यै फस्ने छैन
रस चुस्ने तिम्रो चाल पूरा हुन दिने छैन ।

नबसे फूलमा भूमरा फुल्नुको अर्थ छैन
सुकी जाने रसलाई त नचाखी भा' छैन ।

चरी बनी उड्ने मेरा कति कति सपना छन्
होस गर है ! मेरा माइती यतै दायाँबायाँ छन् ।

मेरो साथ पाए ती सपना सबै विपना हुनेछन्
मैजस्तो ज्वाइँ पाए तिनले सलाम ठोक्नेछन् ।

भूमरा भूमरा तिमी साँच्चै मयालु भूमरा ।
भूमरा भूमरा म त तिम्रै मयालु भूमरा ।

तरहरा, सुन्सरी ।

---

## इद्रिस सायल

खेत जोते, कुलो खने सधैँ बरोबर
गरिखाने किसानको काम कति सुन्दर ।

छोरा पाले, छोरी पाले परिवार पाले
नेता र हाकिमका पेटमा पीठो हाले
गाँउ देखे, शहर देखे देखे कति अन्तर
गरिखाने किसानको काम कति सुन्दर ।

महँगी बढ्यो, कर बढ्यो बढाएन ज्याला
श्रम लुट्ने, बाली लुट्ने सरकारको चाला
गाँउ उठे, बस्ती उठे आँधी बवन्डर
गरिखाने किसानको काम कति सुन्दर ।

हलो साथ, जुवा साथ कोदालोको सुर
जाइलागे ढोकैसम्म तिनै बहादुर
आँधी ल्याए, आन्दोलन ल्याए तर्सियो पत्थर
गरिखाने किसानको काम कति सुन्दर ।

सोनपुर- ९, बरगदही, बाँके ।

---





## इन्दिरा चापागाईं

भगवान्ले माग भने यही कुरा माग्छु म त
मुटु भरी भरी सँधै तिम्रै प्रेम राख्छु म त ।

शिशिरको घामजस्तो तिम्रो न्यानो साथ होओस्
प्यास लाग्दा पानी बनोस् भोक लाग्दा भात होओस् ।

एक अर्कामा हराइरहूँ प्रणयको रात होओस् ।
बाँचुन्जेल यस्तै मीठो जवानीको मात होओस् ।

तिमी हिंड्ने बाटोभरि फूलै फूल छर्न सकूँ
सधैंभरि चोखो अनि मीठो माया गर्न सकूँ ।

तिमीलाई उचाइ दिन आफू अलि झर्न सकूँ
जिन्दगीका तिम्रा घाउ नदुखाई भर्न सकूँ ।

भगवान्ले माग भने यही कुरा माग्छु म त
मुटु भरी भरी सँधै तिम्रै प्रेम राख्छु म त ।

धुपू, संखुवासभा ।

---

## **डा. उत्तम खनाल** (युपि टुहुरे)

बगेर आयो आँसु, हाँसो छोपेर जाऊ
सकेनौ बरू भैगो, यो दिलमा घाउ नलाऊ ।

पलपलको खुसी छिन्दै, बाँचेको जीवन हेर
नसके तर्न खोला, यो हात समाती हेर ।

नजरमा सबै दोषी, मिलेका हात आऊ
बगेर आयो आँसु, हाँसो छोपेर जाऊ ।

संसार तिम्रो भए, बाँच्न पो मेरो हक छ
रोजेको राम्रो तिम्रो, छोडेर आफ्नो बन्छ ।

लुटाई सारा जीवन, घाइते बाँचेर आऊ
बगेर आयो आँसु, हाँसो छोपेर जाऊ ।

जुगौ बाँचेर हेरौ, नसके कसम खाऊ
बगेर आयो आँसु, तस्वीर छोडेर जाऊ ।

काठमाडौं ।

---





## **उपमा आचार्य**

हिंड जाऊँ साथी सुटुक्क पारी
जहाँ हुन्छ माया अरू हुन्न कोही

खुसीका केही पल बिताएर आऊँ
जुनीभरि पुग्ने माया साटेर आऊँ
हिंड जाऊ ..................

खुसीका खजाना मुटुमा लुकाऔं
साँचेको माया रसिलो बनाऔं
हिंड जाऊँ....................

नहोस् है गुनासो न आरोप केही
पवित्र माया लिई साथ आऊँ
हिंड जाऊँ .................

चाबेल, काठमाडौं ।

---

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**
२०७० प्रा.डा.केशवप्रसाद उपाध्याय ।
२०७१ प्रा.शिवगोपाल रिसाल
२०७२ प्रा.मोहनराज शर्मा
२०७३ प्रा.ठाकुर पराजुली
२०७४ प्रा.दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
**'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**
२०७० प्रा. डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी

## डा. ऋषि बस्ताकोटी

मैले हेर्ने आकाशको जून बनी आयौ
मैले भर्ने सङ्गीतको धुन बनी आयौ ।

आयौ तिमी आयौ, वहार बनी आयौ
जिन्दगीको सपना यो साकार बनी आयौ ।

मनकै चित्र कोरियो कि खाली क्यानभासमा
घामको झुल्का पऱ्यो शायद मेरो आकाशमा ।

नील आकाशमा कावा खाँदै छुन भनी आयौ
मैले भर्ने सङ्गीतको धुन बनी आयौ ।

सप्तरङ्गी इन्द्रेणीको ल्यायौ सातै रङ्ग
केही मलाई अभाव हुन्न, हुँदा तिमीसँग ।

सातै शृङ्गार सजिएर सुन बनी आयौ
मैले भर्ने सङ्गीतको धुन बनी आयौ ।
नर्थ क्यारोलाइना, संयुक्त राज्य अमेरिका ।

---





## एन. पि. भट्टराई

मेरा सारा खुसीहरू तिमीलाई नै दिऊँ लाग्छ
जुनी जुनी सयौं जुनी, तिमीसगैं जिऊँ लाग्छ ।

नलागोस् चोट तिमीलाई, सधैं खुसी देख्न पाऊँ
सारा बाधा अड्चनहरू, अङ्गालोले छेक्न पाऊँ ।

तिम्रा सारा पीर व्यथा, अमृत ठानी पिऊँ लाग्छ
जुनी जुनी सयौं जुनी, तिमीसगैं जिऊँ लाग्छ ।

चाहिँदैन अरू केही, तिम्रो साथ भएसम्म
छुट्ने छैन हाम्रो माया, घाम जून रहेसम्म ।

दुई मुटुलाई पिरतीले, एउटै पारी सिऊँ लाग्छ
जुनी जुनी सयौं जुनी, तिमीसगैं जिऊँ लाग्छ ।
इलाम, हाल काठमाडौं ।

---

**के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो**
**खबरी नेपाल**
**Khabari Nepal**
**का कार्यक्रमहरू हेर्नुभएको छ ?**

## कृष्ण प्रधान

तिम्रो सुन्दरताको चौतारीमा मायाको भारी बिसाएँ
नौनीजस्तो तिम्रो मुटुमा मायाको छुरा चलाएँ ।
शान्त सागरजस्तो तिम्रो निको नहुने घाउ बल्झाएँ
नदुखेको कपाल तिम्रो चोयाले बाँध्न लगाएँ ।

मृगनयनी बान्की आँखामा प्रणयवाण बर्षाएँ
कति निष्ठुरी म प्रिय तिम्रो मुटु चिरा बनाएँ ।
माफ दिनु प्रिये ! मलाई तिमीलाई व्यर्थै सास्ती दिएँ
कुरा सत्य हो प्रिय ! तिमीविना अधूरो भएँ ।

जति दिन्छौ देऊ सास्ती प्रिय स्वीकार म गर्न तयार छु
तिमीलाई आफ्नो बनाउन पाएँ कता हो कता खुसी छु ।
मलाई तिम्रो हदयको सिरानीमा वास देऊ
मलाई तिम्रो हदयको ढुकढुकीमा निदाउन देऊ ।

तिम्रो सुन्दरताको चौतारीमा मायाको भारी बिसाएँ
नौनीजस्तो तिम्रो मुटुमा मायाको छुरा चलाएँ
शान्त सागरजस्तो तिम्रो निको नहुने घाउ बल्झाएँ
नदुखेको कपाल तिम्रो चोयाले बाँध्न लगाएँ ।
तिम्रो सुन्दरताको......................।

सिलगढी, उत्तर बङ्गाल, भारत ।

---





## खगेन्द्र खोल्साघरे

गुथी राखेँ मालाहरू मनभित्र सजाएर
जपी राखेँ मनभरि मन्त्र-मन्त्रै बनाएर ।

फूल फुलेँ यसै शरद्भरि मखमलीसरि
नफुल्ने नै हौ कि बुकी तिमी सधैँभरि ।

शिशिरको जाडो गए वसन्तले जिस्क्याउँछ
पतझडसँगै पालुवामा मन बिच्क्याउँछ ।

सम्झाउन खोजें आत्मा दुखिएरै भए पनि
सिरेठिलो बतासले सम्झाउँछ बिर्से पनि ।

स्वयम्भू, काठमाडौं ।

---

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**
२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ

**'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**
२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी

**'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**
२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा.वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा.विष्णुराज आत्रेय

## गणेश नेपाली

कस्तो छिमेकी साँधमा परेछ बरै !
सधैं सीमामा, पिल्लर सरेको सरै ।

कति सहून् तिम्रा ती हेपाहा बानी
लडिरहन्छौ, आशामा रहेसम्म पानी
गर्छ मद्दत, कहिले चिल्लो पनि घस्छ
पर्दा आपत्, फेरि नागले झैँ डस्छ ।

मीठा कुराको कहिलै नहुने भरै
सधैं सीमामा, पिल्लर सरेको सरै ।

भेट्न छ गाह्रो, नेपालीजस्तो सच्चा
गोर्खाली हौ हेर, नसम्झ अब कच्चा
गर्दछ सम्झौता, आफ्नो मात्र हितमा
खुट्टा तान्दछ जहिले हाम्रो जितमा ।

ठिक्क पारेर, बिगारी अर्काको घरै
सधैं सीमामा, पिल्लर सरेको सरै ।

बगनासकाली-१, बगनास, पाल्पा ।

---





## गम बयम्बु मगर

दुनियाँको प्रेममा छायाँ पारी
लैला र मजनु झैं माया गरी ।

प्रेमको इतिहास रचाउनुपर्छ
हाम्रो प्रेम अजम्बरी बनाउनुपर्छ ।

शिशिरयाम महसुस घामको झैं
नाम लेखाउँदै सीता र रामको झैं ।

माया गरौंला प्रेमजोडी हार्ने गरी
मुना र मदन ओझेलमा पर्ने गरी ।

दुःख सुखमा नछुट्ने सहारा भई
देखाउँदै सबलाई जून र तारा भई ।

निस्दी गाउँपालिका-६ अर्चले, पाल्पा ।

---

**पढ्नुहोस् !**

**वैजयन्तीको साथमा**

**रचना, अभिव्यक्ति, दायित्व, शब्दसंयोजन, सुलेख, नवप्रज्ञापन, हिमाली गुराँस, शब्दाङ्कुर ।**

## गीता शर्मा

आएन कुनै चाड र पर्व कोरोना कहरले
लिएर गयो खुसी र हर्ष जितेन रहरले ।
चुपचाप आफ्नो घरैमा बसे तीजका चेली नि !
सुरक्षित अैले बसेमा चाड मनाउँला फेरि नि !

परदेशी दाजै देशको बाटो हेरी सुस्काउँदा हुन्
बुढा बा घरमा हेरेर फोटो त्यो चित्त बुझाउँदा हुन्
बालक-बच्चा बाबाको चाचा कुरेर बस्दै छन्
आमाका मनका ती नालीबेलीले आँसु बगाउँदै छन् ।

अर्काको देशमा कति जनाले ज्यान फाल्नुपऱ्यो नि !
विश्वव्यापी कोरोना कहरले यो के पो गऱ्यो नि !
सुनेर खबर प्रदेशीकी प्रिया विक्षिप्त बन्दै छिन्
सुरक्षित बस खाउँला एक गास आऊ घर भन्दै छिन् ।

के दशैं होला के तिहार होला सङ्कटको वेलामा
के दशा लाग्यो विश्वमा आज सबै छन् हेलामा
नाता र गोता पराइ भयौं छैन कोही समीप
आजका दिनमा सुरक्षित बसौं आउँछन् दिन फेरि त ।

कतिले गुमाए प्रिय आफन्त रित्तिए कति काख
संसार सारा रूवाइस् कोरोना बसेर यहीं बास
हताहत भए कति जनहरू लाखौं छन् सङ्क्रमित
रूघा-खोकी जस्तो सामान्य सोचेर भए सबै भ्रमित ।

फैलियो दुवोसरी संसारमा रहेन कहीं बाँकी
के बालक, वृद्ध के युवा भन्यो लग्यो सबै ताकी
आएन कुनै चाड र पर्व कोरोना कहरले
लिएर गयो खुसी र हर्ष जितेन रहरले ।

धुम्बाराही, काठमाडौं ।

---





## चूडामणि नेपाल 'अकिञ्चन'

भुलेछु गाउँलाई, शहर आफ्नो भएन
पाऊ स्वाभिमानी, रहर आफ्नो भएन ।

स्वार्थी नाता शहरको हजुर मेरो भएन
अमृत ठानेर पिएँ, जहर आफ्नो भएन ।

के पाएँ जीवनमा, प्रहर आफ्नो भएन
चाहें सुख खोज्न, कहर आफ्नो भएन ।

जीवन भन्नु आफ्नो, अरूकै छ शासन
मन यो आफ्नै, ठहर आफ्नो भएन ।

कुलो बग्न खोजें, नहर आफ्नो भएन
रहर साउन खोजें, बहर आफ्नो भएन

विराटनगर ।

---

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan\

## छवि ज्ञवाली

वर्षहरू थुपारेर कति गन्यो गन्यो
बल्ल आज जिन्दगीले नयाँ बाटो खन्यो ।

दुःखैदुःख जम्मा गर्छ अचानकको असिनाले
तर जाँगर नमार् भन्छ उत्साहको पसिनाले
आँसु-रोदन जिन्दगीको हेर सार बन्यो
यस्तैगरी जीवन-डुङ्गा थुक्क बेकार बन्यो ।
वर्षहरू थुपारेर कति गन्यो गन्यो......

घाउ-चोट थपी बस्ने अचानोको रीत देखें
उसकै जीवन सापट लिई यौटा सानो गीत लेखें
उसले भन्छ - मेरो मालिक आहा ! मोटोघाटो बन्यो
हेर्दाहेर्दै आफ्नो जीवन स्वाहा माटो बन्यो ।
वर्षहरू थुपारेर कति गन्यो गन्यो......

मुक्ति पाउन औंलाहरू भाँचिरहें आजसम्म
छटपटीमा यताउता नाचिरहें आजसम्म
जताततै सहायता माग्ने सोच बन्यो
अब भने यो घरबाट भाग्ने सोच बन्यो ।
वर्षहरू थुपारेर कति गन्यो गन्यो......

सिद्धार्थनगर, रूपन्देही ।

—





## जनकराज अधिकारी

सयौं थुँगा फूलमध्ये एउटा फूल दिलैमा रोजें मैले
सपनीमा आइरहने तिमीलाई विपनीमा रोजें मैले ।

काँडैकाँडा बीच फुल्ने सौन्दर्यमय मधु हौ तिमी
हृदयका बीच फुल्ने ती सुन्दर गुलाफ हौ तिमी ।

सोह्र वर्षे बैंस तिम्रो वसन्तको कोइलीभैंm नाचेको
चोखो माया प्रीति लाउन है ! कैले कम्मरै कसेको ।

पवन चल्यो मधुमास सुधा अँगाल्दै मनको वनैमा
प्रफुल्ल भयो यो मन झनै तिमीलाई पाउने धुनैमा ।

सुते थें तिमी आई सपनीमा मेरो हातै समायौ
रमे थें म तिमीसँगै सपनीमा छल गरी बिउँझायौ ।

सजाएर राखेको छु मनमन्दिरमा तिम्रो तस्वीर
नटुटोस् है तिम्रो साथ सैयौं जुनी जुनी भर ।

आज फेरि एकान्तमा यस्तै यस्तै सोचिरहें मैले
सपनीमा आइरहने तिमीलाई विपनीमा रोजें मैले ।

व्यास - ५, तनहुँ ।

—

## जनक वाग्ले

फूलदानी फुटेझैं टुट्यो तार दिलको
छुट्यो प्रेम बन्धन सपना मिलनको ।

कहाँबाट आयो लौ पापी हुरी यो
उडायो रहर सबै यो जिन्दगीको ।

सजाएँ महल बिरानो शहर भो
भत्केर छिनमै खण्डहर बनी गो ।

अचानोसरि भो मेरो मनको घाउ
कहिले नमिल्ने हरायो त्यो दाउ ।

बचेखुचेको सम्झना जति छन्
बिसाऊँ भनेको अझै भारी भयो झन् ।

चाबेल, काठमाडौं ।

—

**गीत, गजल,**
**म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812





## जनार्दन दाहाल

तिमी खुँडा मै अचानो भइदिन्छु म
चोट सहने बानी पर्‍यो सहिदिन्छु म ।

आँधी, हुरी, बतास सामान्य झैं लाग्छ
सुखहरू दुःखदेखि परपरै भाग्छ ।

महल होइन झुपडीमै रहिदिन्छु म
चोट सहने बानी पर्‍यो सहिदिन्छु म ।

फूलभन्दा मेरो जीवन काँडा सहन्छ
नरित्तिने आँसुका भेल बहिरहन्छ ।

जिन्दगीले जता लान्छ गइदिन्छु म
चोट सहने बानी पर्‍यो सहिदिन्छु म ।

अर्जुनधारा, झापा । हाल : शुक्लागण्डकी, तनहुँ ।

—

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

## जेबी खत्री

कति स्वार्थी हामी अझ हाम्रो मन जाली
रोई रा'छन् मिचिएर हाम्रा मेची-काली ।

जसले गर्छ अपमान उसकै बाटो हेर्छौं हामी
पालैपाले गोडा मल्न उतैतिर धाउँछौं हामी ।

देशभक्तिका गीत हाम्रा आँखाबाट फाली
रोई रा'छन् मिचिएर हाम्रा मेची-काली ।

थिचिएर मिचिएर बसिराख्नुपर्दा पनि
देखिँदैन तागत हाम्रा पाखुरीमा पनि ।

झुक्दै नझुक्ने शिर पनि झुकायौ त माली
रोई रा'छन् मिचिएर हाम्रा मेची-काली ।

कति स्वार्थी हामी अझ हाम्रो मन जाली
रोई रा'छन् मिचिएर हाम्रा मेची-काली ।

---

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**





## तिलस्मी प्रभास

रोयौ तिमी सोधेँ मैले झनै रोयौ आँसु झारी
नसकेर बोल्न तिमी झनै रोयौ गाँठो पारी

मनको बह फुन गाह्रो मन धुन झनै गाह्रो
देखाउन मन छैन लुकाउन त झनै साह्रो ।

चट्याङ झऱ्यो मुटुभित्र बग्यो आँखाबाट
धेरै कुरा थाहा भयो विरहको भाकाबाट ।

रोयौ तिमी सोधेँ मैले झनै रोयौ आँसु झारी
नसकेर बोल्न तिमी झनै रोयौ गाँठो पारी ।

बौद्ध, काठमाडौं ।

---

**नेपाल-साहित्य समाज**

**'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

१. २०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
३. २०७० बुनू लामिछाने
४. २०७१ भुवनहरि सिग्देल
५. २०७२ लक्ष्मीकुमार कोइराला
६. २०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
७. २०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
८. २०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने

## दुर्गा वनवासी

भिजेको मुटु छ, बगेका परेली
बिझाइरहेछन् यी फूलका तरेली।

बल्झिन्छ छाती दुखी चोट पुरानो
सहँदासहँदै यो मन भो अचानो
अझै सम्झनाका खेल्छ सुरेली
भिजेको..............................

बित्यो जुनी यसै बटुल्दैमा आशा
छैन मोल यहाँ, पीडाकै तमाशा
घाउमै खेल्ने चलन भो बयेली
भिजेको..............................

---

नेपाल-साहित्य समाज

**'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी
२. २०६९ चिसाखोला आश्रम, पोखरा
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति
४. २०७१ पवित्र समाज सेवा नेपाल, धापासी
५. २०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
६. २०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
७. २०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी
८. २०७५ द ओरफान होम, बाजुरा





## देवेन्द्र अर्याल 'आँसु'

देशका लागि केही गरौं सबै मिलेर
जोश, जाँगर, इच्छाशक्ति नफालौं खेर।

फूल बनी सुवास छरौं देश सजाउन
सबै मिली आमाको मुहार हँसाउन।

खोलाजस्तै बगिरहने समयलाई बुझौं
उन्नति र प्रगतिको पथ हामी रोजौं।

पराइको मुख ताकी हामी बाँच्ने होइन
मनभरि पीडा बोकी हामी हाँस्ने होइन।

आजै उठौं झट्ट उठौं सगरमाथा भन्छ
हामी सबै मिले पो यो देश बन्छ।

गुट, फुट, सम्प्रदाय, जाति, धर्म छाडौं
राष्ट्र नवनिर्माण गर्न हामी अघि बढौं।

---

**Shabdartha Prakashan**
Chabahil Ganeshthan
Kathmandu, Nepal
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com
nepal120@yahoo.com
web: http://nepalipublisher.com
http://shabdarthaprakashan.com

## नन्दलाल आचार्य

हिमालमा चिसो बढ्दा तराईलाई जाडो हुन्छ
तराईमा हैजा हुँदाखेरी पहाडले दवाई दिन्छ ।

पोहोर साल माथितिर खडेरीले अन्न फलेन
यस बेला भन्नुहुन्न हामीले तल्तिरले अन्न ठेलेन ।

सबैले सबैलाई पर्दा एकापसमा सहयोग गर्नैपर्छ
हिमालमा चिसो बढ्दा तराईलाई जाडो हुन्छ ।

बहुलता हाम्रो सान पहिलेदेखिको हाम्रो पहिचान
कमाएका थिए पुर्खाले कहिल्यै नमेटिने सम्मान ।

प्रकृतिको काखमा जन्मे, हुर्के प्रकृतिमुखी बन्छ
हिमालमा चिसो बढ्दा तराईलाई जाडो हुन्छ ।

---

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**'जम्बकुमारी-टीकाबल्लभ साहित्य सम्मान'बाट सम्मानित**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
**'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**
२०७४ रोहिणीविलास लुईंटेल
२०७५ बालकृष्ण उपाध्याय
**'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**
२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान





## नारायण नेपाल

जसै चार आँखा समाधिस्थ पाएँ
अनायास दिलको तराना लगाएँ ।

चल्यो खेल लामो भयो ठप्प सारा
दियो भेटले त्यो अनौठो नजारा
झुकायौ परेली र पो छेउ आएँ
अनायास दिलको तराना लगाएँ ।

कतै अन्तरामा म फँस्तै छु जस्तो
उडे झैँ बुडे झैँ असर कस्तो कस्तो
त्यसैले गरी डीङ दुवै हात समाएँ
अनायास दिलको तराना लगाएँ ।

दबोच्दा तिमीले दिलोज्यान छुँदो भो
लडेछौँ एकै ठाम र पो झन् खुदो भो
अझै के हुने हो भनी चित्त खाएँ
अनायास दिलको तराना लगाएँ ।

निकै बेर हामी लडेको लडै भै
रहेछौँ त्यसै प्रेम-लीला बढे झैँ
तिमी त्यो ममा झैँ तिमीमा म छाएँ
अनायास दिलको तराना लगाएँ !

दुवै तिल्मिलाई उठेको छ याद
धरी हातहातै जुटेको छ याद
उही याद मैले तिमीमा चढाएँ
अनायास दिलको तराना लगाएँ !

सुनसरी । हाल : रामहिटी, काठमाडौँ ।

---

## नारायणप्रसाद न्यौपाने

कस्तो हो यो रोग पनि भित्र-भित्रै पोल्ने
मान्छेबाट मान्छेमा नै सर्दै-सर्दै जाने ।

कोरोनाको रोगदेखि सबैजना तर्से
गाउँबस्ती जतातति बाढीसँगै बर्से ।

घरभित्रै बसीकन दूरी कायम गर्ने
जथाभावी नगरेरै योग गर्न थाल्ने ।

रुघा-खोकी लाग्नै नदी तातो-तातो खाने
माक्सलाई प्रयोग गरी यताउता जाने ।

सेनिटाइजर प्रयोग गरी हात धुदै गर्ने
सफाइमा ध्यान दिई रोग निको पार्ने ।

कस्तो हो यो रोग पनि भित्र-भित्रै पोल्ने
मान्छेबाट मान्छेमा नै सर्दै-सर्दै जाने ।

---

**के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो**
**खबरी नेपाल**
**Khabari Nepal**
**का कार्यक्रमहरू हेर्नुभएको छ ?**





## पुण्य कार्की

प्रछन्न प्रवाह बनोस् जीवन गतिमा सरिता
लयमा उनियून् सारा पलहरू न हुँ रूढ अब ता ।

सृजनको नवउन्मेषले छुओस् मलाई न हुँ बञ्जर शुष्क
सधैं बनूँ सरलताको पुजारी न हुँ जटिल दुष्कर ।

कर्मठभावको ज्योति जलोस् हर्दम न हुँ अल्छी कामचोर
सेवा, समर्पण र उत्सर्ग ध्यान बनोस् न हुँ अरूको मामचोर ।

जीवन बनोस् एक अनमोल प्रार्थना उठोस् भाव सकार
खोजूँ अनि पाऊँ आफूलाई भित्रभित्रै दिनदिनको छ यही पुकार ।

उदयपुर ।

---

**शब्दार्थ प्रकाशन**ले
**२१** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

## पुरुषोत्तम सिग्देल

पारि झ्याल चाँदनी नै झुलेकी झैँ लाग्छ
भित्ताभरि लालुपाते फुलेकी झैँ लाग्छ।

चिहाउनु भूल हुन्छ आँखा उतै जाने
रोकूँ भन्छु जबर्जस्ती तर उतै लाने
उमेरले खियाउँछ नसा नसा पसी
जुरेलीले जिस्क्याउने झ्यालभित्र बसी।

अचम्मकै हुँदो रै'छ रति-राग-चाल
लाग्छ कतै पार्ने हो कि महा अबगाल
बनिए झैँ लाग्छ उनी डल्ला पारी नौनी
सुवास चल्छ यौवनको खारे झैँ कुरौनी।

एकान्तमा नजरले पिऊँ पिऊँ लाग्छ
मेरो मुटु उनीसित सिऊँ सिऊँ लाग्छ
ओंठभरि मुस्कानमा जब मोती झर्छन्
बिजुलीका तार जली मुटु प्वाल पर्छन्।

मताउने नशा रै'छ रति-राग खेल
जतिसुकै उमेरले उति बढ्छ भेल
उमेरका शिखरमा जति परोस् हिउँ
फुल्ने रै'छ बाह्रबर्षे रतिको ऊनिऊँ ।

पारि झ्याल चाँदनी नै झुलेकी झैँ लाग्छ
भित्ताभरि लालुपाते फुलेकी झैँ लाग्छ।

धुम्बाराही, काठमाडौं।

—





## प्रकाश खड्का 'अभियान'

आगनीमा तुलसी मन रोयो अत्ताली
वर्षौं भयो कुरेको बगाई मेची काली।

देश भयो बगर छैन कि तिम्रो भर
जुगौं भयो गुन्जेको मेलम्चीको खबर।

बिर्स्यौ कि कसो तिम्ले आगमनको ताली
वर्षौं भयो कुरेको बगाई मेची काली।

बग्यो तिम्रो पसिना सात समुद्र पारी
खेत बारी बाँझै भो यो मन भयो भारी।

देशको माया त्यसै जान नदेऊ खाली
वर्षौं भयो कुरेको बगाई मेची काली।

बोस्टन अमेरिका।

—

**के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो**
**खबरी नेपाल**
**Khabari Nepal**
**का कार्यक्रमहरू हेर्नुभएको छ ?**

## प्रकाशमणि दहाल

आज मेरो हृदयको ढोका फोरियो
सबै छोडी एक थान मुटु चोरियो ।

अनौठो यो चोरी रै'छ कस्तो कस्तो दुःख नलाग्ने
मताउँदो भित्रैदेखि उल्टै बरु मीठो सुख लाग्ने ।
आज मेरो .....

सारै सिपालु पो रै'छ चोर पनि परैबाट चोर्न सक्ने
फलामे यो मनको ढोका नछोई नै फोर्न सक्ने ।
आज मेरो ....

उजूर गर्न जानुभन्दा पनि लाग्छ बरु सुनाउँदै हिँडूँ
चोरिरहोस् चोरले चैं आफू भने क्यै नजाने भैँ गरुँ ।
आज मेरो ...

काठमाडौं ।

---

**शब्दार्थ प्रकाशन**ले
**२१** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?





## प्रदीप नेपाल

किन जान्छौ साथी बालुवाको थुप्रोमा जीवन बिसाउन ?
परिश्रम गरे यतै सक्छौ साथी सुन्दर जीवन बिताउन ।

पौरखी छन् तिम्रा ती हात जहाँ पनि टेकिन्छन्
तिमीले गरे हिम्मत सबै बाधा त टाढिन्छन् ।

उस्तै हो साथी त्यो तिम्रो ज्यान जुन ठाउँ बसे नि !
नगरी तिम्लाई दिँदैनन् खान जहाँ ज्यान धसे नि !

पाल न सुँगुर, कुखुरा खसी बजारमा पठाउन
उमार साग, आलु र सब्जी सबैलाई खुवाउन ।

गाई भैंसी पाली प्रचूर दूध देऊ यो मातृभूमिलाई
नहुँदा तिमी घरमा साथी नोक्सान भो सबैलाई ।

गोठाटार, काठमाडौं ।

---

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan\

## प्रेमनारायण भुसाल

मोहनी त्यो रूप तिम्रो अल्भैं तिम्रै मुहारमा
माकुरी हो कि क्या तिमी तिम्रै जाल्मा फसें म त ।

गर्छ्यौ शासन मैमाथि मेरै मनमा बसी तिमी
तिमी विना जगत् सारा अँध्यारो नरकैसरि ।

बोल्दा तिमी भनै राम्री रिसाउँदा पनि सधैं
तिम्रा सम्पूर्ण काममा कसरी मोहनी थप्यौ ।

भुल्न खोज्नु तिमीलाई आफैलाई सजाय हो
सम्भिनुमा पनि सुख छैन मन अशान्ति हो

दिन्छ्यौ पीडा मलाई नै र पनि प्रिय छौ तिमी
सक्दिनँ कल्पना गर्न तिम्रो अभावको जुनी ।
तिम्रै जाल्मा फसें म त

—

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**



वैजयन्ती ६९ गीत अङ्क

## बाबुराम श्रेष्ठ 'यात्री'

आफ्नो हातमा छैन आफ्नै जिन्दगी
के बाजी थापूँ पराइको जिन्दगी ।

कोही आउँछन् त कोही जान्छन्
आउने जाने क्रम त चलिरहन्छ ।

आफन्त नै यहाँ आफ्नो भएनन्
के आस गरूँ पराइको जिन्दगी ।

बल्दा आगो सबै तापी दिन्छन्
निभ्दा आगो सबै भागी दिन्छन् ।

दुनियाँ यो स्वार्थी रहेछन्
के भर गरूँ पराइको जिन्दगी ।

सिन्धुली ।

—

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

## बालकृष्ण भट्टराई

माटो यो मेरो बुद्धको भूमि मलाई प्यारो छ
शान्तिको लागि पवित्र भूमि लुम्बिनी प्यारो छ
आऊ हे साथी ! लुम्बिनी जाऔँ बुद्धको दर्शन
जीवन सफल पार्नका निम्ति बुद्धकै दर्शन ।

मायाकी खानी देवीका तारा सिद्धार्थ बनेर
जन्मिए यही माटोमा दूत शान्तिका बनेर
कुलका रत्न दयाका खानी महात्मा बुद्ध हुन्
शान्तिका अग्रदूत हुन् बुद्ध नजान्ने छ र कुन ?

कपिलवस्तु रामको ग्राम देवको दहमा
शैशवकाल बिताए आफ्नो राजसी तहमा
बिरामी देखे अशक्त एक बुद्धको बेहाल
मलामी देखे मृत्युका मुख परेको अकाल ।

अस्थायी रै'छ संसार सारा दुःखको भण्डार
मानिस सुखी कहिले हुन्छ भनेर हतार
दर्बार छाडी प्रस्थान गरे सिद्धार्थ कुमार
ज्ञानको ज्योति बाल्नका निम्ति बनेका आतुर ।

तपस्या गरे साधना गरे शान्तिकै खोजीमा
बुद्धत्व प्राप्ति गरेर लागे शान्तिकै रोजीमा
मरेर जाने मानिस चोला क्यै छैन संसार
ध्यानले हुन्छ ज्ञानले हुन्छ जीवन अपार ।





बुद्धकै ज्ञान पाएर राजा अशोक रमाए
ब्रह्माण्डलाई शान्तिको मार्ग बुद्धले देखाए
यहाँको माटो सुगन्ध छर्छ शान्तिको मुहान
लुम्बिनी हाम्रो संसारभरि बनेको महान ।

बुद्धको जन्म पाएर भूमि लुम्बिनी कानन
पवित्र तीर्थ बनेको आज सबैले मान न
अहिंसा, धर्म, सत्य र प्रेम दयाका सागर
करूणामूर्ति शान्तिका दूत बुद्ध छन् अपार ।

लुम्बिनी हाम्रो बुद्धको भूमि शान्तिको मुहान
बुद्धकै ध्यान गर्दछौं हामी हरेक बिहान
हिमाल हाम्रो पहाड हाम्रो तराई हाम्रो हो
विश्वका माझ बुद्धकै देश नेपालै राम्रो हो ।

सन्तति हामी बुद्धका सारा नेपाली जनता
संसारलाई बाँट्तछौं हामी माया र ममता
राष्ट्रका निम्ति शहीद बन्ने पुर्खाका सन्तति
हामी हौं सृष्टि सुन्दर पार्ने देशका सम्पत्ति ।

आऊ हे विश्वमानव ! आऊ लुम्बिनी आऊ न !
ज्ञानको ज्योति बोकेर आफ्नो देशमा जाऊ न !
युद्धले त्रस्त संसारलाई शान्तिले सपार
शान्तिले मात्र पाइन्छ हेर ! आनन्द अपार ।

आकाशवाणी रोड, सिद्धार्थनगर-१२, रूपन्देही ।

---

## बोधराज पौडेल

रूने जति सबैलाई ठान्थैं म त ज्ञानी
थाहा थे'न हाँस्ने पनि हुन्छन् बेइमानी ।

हेर्दा राम्री माया लाग्दी थिई एउटी सानी
राख्न खोजे उस्लाई मैले बनाएर रानी ।

बोली वचन मीठो थियो, राम्रो आनी बानी
थाहा थे'न हाँस्ने पनि हुन्छन् बेइमानी ।

विश्वास गर्थे उनीलाई आफूभन्दा थेरै
यस्तो लाग्थ्यो अर्को रूप हो ऊ पनि त मेरै ।

सारा संसार लुटी गई गरे झैं नजानी
थाहा थे'न हाँस्ने पनि हुन्छन् बेइमानी ।

---

**के तपाईंलाई थाहा छ ?**

**हामी २०७६ र २०७७ को वर्ष पुस्तकमा जुटिसकेका छौं । प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं । त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र**

चाबेल, काठमाडौं **९७७-०१-४४९७३५१/९८४११४४५१०**



वैजयन्ती ६९ गीत अङ्क

## भावकेशर बराल

वनमा गुराँस फुल्दा तिमी फुले झैं लाग्छ
हिमाल मुस्कुराउँदा देशै खुले झैं लाग्छ ।

जागे हिमालबासी बत्ती हिमाल बन्छ
स्वदेश झैं उज्यालो स्वर्ग भनेकै कुन छ ?
वनमा गुराँस फुल्दा.........

सपूतका ती सपना मार्ग बनेर आए
चाहिन्न व्यर्थ अर्को स्वदेश भन्न पाए ।
वनमा गुराँस फुल्दा ..........

आऊ मिलेर रोपौं सद्भावनाका फूल
फुल्नेछन् भोलि सपना देशमा विकास मूल ।
वनमा गुराँस फुल्दा ............

रूँदै छ देश हेर परदेश मुस्कुराउँदा
हाँस्नेछ भोलि देश जवान जुर्मुराउँदा ।

---

## मधुर भट्टराई

दुःख रोपी सुख फुलाउने सृजनशील किसान
परिश्रमको बाटो ल्याउँछौं उन्नतिको बिहान ।

माटो हाम्रो सर्वस्व हो माटो नै हो जीवन
त्यै माटोमा श्रम पोख्छौ सिर्जनाको धन ।

कर्मले नै उँचो पार्छौं देशको स्वाभिमान
परिश्रमको बाटो ल्याउँछौं उन्नतिको बिहान ।

समयमै मानो रोपी फलाउँछौं मुरी
धर्तीसँग प्रेम हाम्रो सभ्यताको धुरी ।

किसान हौं यही नै हो हाम्रो पहिचान
परिश्रमको बाटो ल्याउँछौं उन्नतिको बिहान ।

बर्दिबास -१४, महोत्तरी ।

—

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।





## महेशप्रसाद रिजाल

मैले चाहे जति माया
आँचलमा छोपेर हेर

तिम्रो दामनको माया
मेरो मुटुमै गाँठो परेछ ।

रात अझै सिङ्गै बाँकी छ
उज्यालोतिर तिमी नलाग ।

उदास जिन्दगीका पानाहरू
मायामा पानाहरू पल्टिरहन्छ ।

हामी हावा र नदी बनेर बगौं
कुनै किनारामा मेल हुने नै छ ।

चावहिल, काठमाडौं ।

—

**पढ्नुहोस् !**
**वैजयन्ती**को साथमा
**रचना, अभिव्यक्ति, दायित्व, शब्दसंयोजन, सुलेख, नवप्रज्ञापन, हिमाली गुराँस, शब्दाङ्कुर ।**

## महादेव अधिकारी

युगौंयुग यस्तै बित्यो तिम्रो जिन्दगानी
छातीभरि अमृत छ आँखाभरि पानी ।

भञ्ज्याङ अनि चौतारी र तराई हौ तिमी
मेरी दिलकी रानी अनि पराई हौ तिमी
यो विश्वलाई सृष्टि गर्ने महामाया नारी
तिमी नै हौ गैरी खेत तिमी नै हौ टारी ।
युगौंयुग··

नारीको त सफलता मातृत्वमा हुन्छ
नारीविना सार्थकता पुरुषमा कुन छ ?
प्राणेश्वरी आत्मारूपा तिमी नै हौ माता
प्रेमभावले बाँध्ने तिमी भाग्यकी विधाता ।
युगौयुग··

पुरुषले सधैंभरि बन्धनमा पारी
बेचे कति कतिलाई भ्रूणभित्रै मारी
अब मुक्त हुनै पर्छ पूज्य नारी जाति
दासी हैनौ पुरुषका तिमी जीवन साथी ।
युगौयुग··

बूढानीलकण्ठ ४ पासिकोट, काठमाडौं ।

---





## यमराज तिमिल्सिना

धन माग्यौ धन थिएन मन तिमीलाई मन परेन
चोखो माया दिन्छु भन्दा झन् तिमीलाई मन परेन ।

जाऊ तिमी अन्तै जाऊ जाऊ गुनासो क्यै गर्दिन म
म मरेको थाहा पाउँदा मलामी भई आयौ भने ।

म जलेको धुवाँ उड्दा तिम्रै रूप देखिने छ
चिता मेरो पखालिदाँ तिम्रै नाम लेखिने छ ।

जहाँ सुकै जाऊ तिमी खुसी छौ रे सुन्नँ पाऊँ
मलाई छोडी खुसी हुन पराईको भई भन्न पाऊँ ।

---

संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, नाटक/एकाङ्की-२, गीत-१, विदेशयात्रा-२, मुक्तक-३, गजल-३, राष्ट्रिय-व्यक्तित्व-५, लघुकथा-४, स्वदेशयात्रा-४, संस्मरण-५, गद्यकविता-६, कथा-६, निबन्ध-७ समीक्षा-७, छन्दकविता-१० ओटा अङ्कहरू निकालिसकेको

**विधा केन्द्रित साहित्यिक पत्रिका**

**वैजयन्ती**को

७० औं अङ्क **संस्मरण** हुनेछ ।

## यादव भट्टराई

जन्मेर केही नगरी जानु के सार जिन्दगी
आँखामा पानी नसुक्दै केही गरे पो जिन्दगी।

घाम र छायाँ जसरी हुन्छ दिन रात जसरी
सुख र दुःख जीवनमा आउँछ रीत यो भैँ गरी
छातीमा देश टाँसेर आयु तरे पो जिन्दगी
नसामा रगत नसुक्दै केही गरे पो जिन्दगी।

गुरु र पितृ देशको ऋण तिर्नु छ यै जुनी
नगरी केही बसे नै पनि बित्दछ जिन्दगी
कलम धन कलम शक्ति कलम नै जिन्दगी
कलममा मसी नसुक्दै केही लेखे पो जिन्दगी।

जन्मेर केही नगरी जानु के सार जिन्दगी
आँखामा पानी नसुक्दै केही गरे पो जिन्दगी।

भैरहवा, हाल : काठमाडौं।

---

**अब हाम्रो पालो**
संस्मरण, कथा अङ्क।





## राकेश कार्की

तिमी नहुँदा एकनासले मुटु जलिरहेछ
मुटुसँगै मन, विश्वास, माया जलिरहेछ

अलिकति उज्यालो मागेथें जिन्दगीमा
थाहै नदिई सुटुक्क पूरै मुटु जलायौ।

डोब छोडी हाँसो र खुसीको
सम्झना छ्यापी घरी घरी जलायौ।

एक दिन चितामा जल्नै थियो
छटपटी र चिन्तामा पहिले नै जलायौ।

न त अङ्गार बनायौ न त खरानी
बेहोशी नशाको घुट्कोले जलायौ।

---

**के तपाईंलाई थाहा छ ?**

**हामी २०७६ र २०७७ को वर्ष पुस्तकमा जुटिसकेका छौं। प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं। त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस्।**

**साहित्य संवर्द्धन केन्द्र**
चाबेल, काठमाडौं **९७७-०१-४४१७३५१/९८४११४४५१०**

## रामकुमार पण्डित क्षत्री

फुलेको फूल झैं लाग्छ मलाई तिम्रो यौवन
कसरी बयान गरूँ भन न प्रिय जीवन ।

सुँघेर छोडौं त तिम्रो वजन सस्तो पर्ला
टिपेर मोडौं त तिम्रो सौन्दर्य सबै मर्ला
करोडौं मोल झैं लाग्छ कलिलो तिम्रो जोवन
कसरी बयान गरूँ भन न प्रिय जीवन ।

पुतली भमरा धाए स्वरूप तिम्रो हेर्न
माहुरी आएर खाए जिब्रोको स्वाद फेर्न
गौरव गर्दछु प्रिय छ तिम्रो आफ्नो नै पन
कसरी बयान गरूँ भन न प्रिय जीवन ।

मलाई नि मन पर्छ भन्ने ती तिम्रा आँखा
नजर घुमाई हेर्ने आहा क्या मीठा भाका
याद ती सङ्गाली हिँड्छु म हेर्दै रन र वन
कसरी बयान गरूँ भन न प्रिय जीवन ।

का.म.पा. ६ सिमलटार ।

---





## रामप्रसाद ज्ञवाली

हिमचुलीमाथि सूर्य फुलाई छर्दछ जसले लाल प्रभात
पहराबाट झार्दै छङछङ सेता दूधहरूका छाल
सिँच्दछ जसले उर्वर फाँट
छर्दछ जसले जीवन लाख
यही हो मेरो देश नेपाल ।

मेचीकाली कर्णाली भै बग्छन् जसका स्वच्छ विचार
साडीलाई हरियालीको दिन्छिन् जसले सिर्जनधार
रनवन घननन बज्दछ तार
श्रमका मीठा गुनगुन राग
यही हो मेरो देश नेपाल ।

मग्मग सुन्दर फूल फुलाई जातजातका अपरम्पार
विश्वशान्तिका गीत सुनाई डुल्छ सदा जो सब संसार
शान्तिदूतहरूका साथ
छर्दै मनमा शान्तिपराग
यही हो मेरो देश नेपाल ।

वीर पसिना हार मसिना स्वाभिमानका उच्च्व जुहार
क्रान्तिकिरणका इन्द्रधनुष झैं झल्मल बाली दीप हजार
उच्च्व सगरमाथाका साथ
हाँस्दछ जसको दिव्य मुहार
यही हो मेरो देश नेपाल ।

कपन, काठमाडौं ।

---

## रामप्रसाद पन्त

मनको इच्छा मनमै साँची जिऊँ म कसरी ?
पानीको सट्टा बगेका आँसु पिऊँ म कसरी ?

वसन्ती बाग त्यो तिम्रो साथ बिर्सूं म कसरी ?
जलेका छाती सहेर एक्लै बसूँ म कसरी ?

चकोर जोडी बिछोड भयो सहूँ म कसरी ?
शृङ्गार छोडी विरह गीत गाऊँ म कसरी ?

तड्पेर सधैं यता र उता धाऊँ म कसरी ?
गुलाफ जस्तै फुलेको जीवन पाऊँ म कसरी ?

अनन्तसम्म मुटुको माया लाऊँ म कसरी ?
समुद्रपारि तिमीलाई भेट्न आऊँ म कसरी ?

मनको इच्छा मनमै साँची जिऊँ म कसरी ?
पानीको सट्टा बगेका आँसु पिऊँ म कसरी ?

चावहिल, काठमाडौं ।

—





## रामसुन्दर देउजा

देश मेरो स्वर्गसरि बन बुट्यानमा चरूँ
यही देशमा रम्दै खेल्दै देशकै गीत भरूँ ।

सेता हिमाल हरिया वन अहा कति राम्रो
संस्कृति छन् भिन्न भिन्न संसारभरि छरूँ ।

कलकल बग्ने झरना छन् पहाडभरि कति
खुसी भयो मन मेरो लौ न कसो गरूँ ।

अन्न झुल्ने फाँट मेरो तराई अहो मैदान
देवभूमि तपोभूमि यसैभित्र परूँ ।

हराभरा प्रकृति छन् हिमाल पहाड तराई
यही देशका जडिबुटी खाँदै खाँदै मरूँ ।

काभ्रे ।

—

## रामहरि पौड्याल

मेरो मनको सङ्घारमा तिमी आए हुन्थ्यो
मेरो तनको झन्कारमा तिमी छाए हुन्थ्यो
बादलुको घुम्टो पारि परदेशमा छु म
समुन्द्रको किनारैमा तिर्खा खप्दै छु म ।

नरिवल र ताडीका ती सलक्कका रूख
चारैतिर हरियाली मनभित्र दुःख
कसले बुझोस् दुर्देशमा तनभित्रको ज्वाला
दुख्दो रैँछ छातीभरि स्वदेशको माया
फूल्दो रैँछ छातीभरि आफन्तको छाया ।

पोले पनि घामै जाती पिटे पनि आमै
दुःख सुख त्यस्तै रैँछन् आफ्नै देश जाति
रङ्गीचङ्गी संसारमा कृत्रिम छन् सब
फेसन र ग्ल्यामरको दुनियाँ भो अब ।

मेरो मनको सङ्घारमा तिमी आए हुन्थ्यो
मेरो तनको झन्कारमा तिमी छाए हुन्थ्यो

वसन्त चोक, चितवन । हाल : लण्डन ।

—





## रासा

शून्यतालाई साथी मानेर
मौनतालाई अँगालो हालेर
बित्दै छ दिन ।

लेखाइको मेसोमा अल्झेर
पढाइको टेकोमा उभेर
बित्दै छ दिन ।

बाँच्ने आधार यहाँ खोजेर
घर - परिवार नि सम्झेर
बित्दै छ दिन ।

---

**Shabdartha Prakashan**
Chabahil Ganeshthan
Kathmandu, Nepal
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com
nepal120@yahoo.com
web: http://nepalipublisher.com
http://shabdarthaprakashan.com

## लक्ष्मी जोशी 'श्रेष्ठ'

कहाँ गयौ मलाई छोडी भई परदेशी
शून्य लाग्छ मलाई सधैँ गाउँघर बेशी।

माया लगाई एक्लै पारी हिँड्यौ किन छोडी ?
बाँचिरहेछु खोरियामा मकै घैया गोडी।

न्याउली र कोइली गाउँछ विरहका भाका
सुन्दै बस्छु सधैँभरि रसाउँछन् आँखा।

आशा अनि निरासाका गुत्थाहरू गाँस्दै
मन बुझाउँदै कैले रुँदै अनि फेरि हाँस्दै।

बाटो हेरी कुरी बस्छु पीपल छहारीमा
पर्खिरा छु भेट्ने आशले बसी चौतारीमा।

विराटनगर।

—

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/





## विनयकुमार शर्मा नेपाल

चलाएर बाण जलेको जलै छ
लुकाएर आँखा गिरेको गिरै छ ।

मुसारेको गाला अभिमानी नजर
चलाएर तीर ऊ कुरेको कुरै छ।

कहाँ हुन्छ मस्ती अनुहार सिँगारी ?
नजरमा ऊ आफ्नै खसेको खसै छ।

जलाएर मुटु रोएको रोयै छ
रहरमा ऊ आफ्नै झरेको झरै छ।

कहाँ हुन्छ गस्ती पछाडि नहेरी ?
शहरमा ऊ आफ्नै डुलेको डुलै छ।

झुकाएर आफ्ना गलेको गलै छ
मच्चाएर हल्ला उडेको उडै छ।

चलाएर बाण जलेको जलै छ
लुकाएर आँखा गिरेको गिरै छ।

चावहिल, काठमाडौं।

—

## विनोद नेपाल

टाढा थियो पुग्नुपर्ने समयले घात गऱ्यो
हेर्दाहेर्दै दिन ढल्यो प्रतीक्षामै रात पऱ्यो ।

एक्लो यात्रा साहसले गरूँ अघि बढूँ भने
उकालीमा टेक्ने लौरो हातबाट तल झऱ्यो ।

सम्हालिँदै जिन्दगीको यात्रा जारी राखूँ भनें
आफ्नै भन्ने मान्छेले नै बाटो छेकी आँखा तऱ्यो ।

यात्रा यस्तै जिन्दगीको हुन्न रै'छ सोचे जस्तो
अप्ठेरोमा उठाएन आफ्नै मान्छे टाढा सऱ्यो ।

वनस्थली, काठमाडौं ।

---

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**





## विष्णुप्रसाद आचार्य 'अतृप्त'

अघि बढूँ भेल बाढी पछि हटूँ पहिरो
दोधारमा फस्यो जीवन व्यथा गहिरो गहिरो ।

वारि छैनन् साथी कोही पारिका पार तरिसके
घाम निल्यो अँधेरीले अश्रुधारा झरिसके ।

गर्ज्या छ रे बाघ वरै सुन्ने कान बहिरो
दोधारमा फस्यो जीवन व्यथा गहिरो गहिरो ।

हुन्हुनाई हुरी चल्छ ढाल्न खोज्छ ज्यान
खनिने भो सायद यतै पाँच छ फिटे चिहान ।

आँतको अन्न निख्र्यो राजै देख्छु कालो खैरो
दोधारमा फस्यो जीवन व्यथा गहिरो गहिरो ।

विदुर-५, नुवाकोट । हाल : तारकेश्वर, काठमाडौं ।

---

## शिखर दुलाल

सगरमाथा शिर हाम्रो, वन शिरको कपाल
लुम्बिनीका दुई आँखा, शान्तिसूचक विशाल ।

पिठ्युँ पहाड, हिमाल मुटु, तराइ हाम्रो छाती
अन्नवाली प्राण हाम्रा, कृषि कर्म गति ।

ढुङ्गा हाम्रा अस्थिपन्जर, मांसपिण्ड माटो
जैविक, खनिज, पाटीपौवा, गोरेटो र बाटो ।

नदी, नहर, ताल, तलाउ धमनी र शिरा
वस्त्र हाम्री प्रकृति हुन्, हिमचुली नै हीरा ।

इन्द्रिय र धड्कन हाम्रा मठ मन्दिर देवल
स्वभावैले आफै सबल आफै विशाल नेपाल ।

अङ्ग अङ्ग गाँसिएर जीवन चोला चल्दछ
दाजुभाइ सारा मिले देश हाम्रो बन्दछ ।

प्राण रूपी देश हाम्रो सबै मिली बचाऊँ
साझा हाम्री आमालाई मिलीमिली हसाऊँ ।

नर्थ क्यारोलाइना, संयुक्त राज्य अमेरिका ।

---





## शेखरकुमार श्रेष्ठ

घामले सुकाए पनि पानीले बगाए पनि
तिम्रो माया भुल्न सकिनँ आगोमा डढाए पनि ।

तिम्रो हातले खाना खुवायौ अनि पानी पनि
आँखाबाट झर्दा आँसु पुछ्थ्यौ दुइटै नानी ।
घामले सुकाए ......

तिम्रो हरेक स्पर्शको सम्झना छ जहिले पनि
कसले सोध्छ अब मलाई रातभर रोए पनि ।
घामले सुकाए ......

तिमी मेरो प्रेरणा थियौ तिमी नै विश्वास
मेरो प्राप्ति तिमी थियौ तिमीबाटै चल्थ्यो सास ।
घामले सुकाए ......

हराएर गयो आज जीवनको सबै आस
कतै पनि पाइन बाबा बस्न मायाको वास ।
घामले सुकाए ......

केही अघि जीवन थियो क्षणमै बन्यो सपनी
घामले सुकाए पनि पानीले भिजाए पनि
घामले सुकाए ......

---

## सरस्वती ढुङ्गाना

दिलको दैलो खोल्न आयौ तिमी कस्तो बेला
तिम्रै यादमा नीरमा नयन डुबेको बेला।

दिलको दियो निभ्ला कि भनी चिन्ता बोकी
अधर मेरा कामेका थे अँधेरी रात सम्झी।

भरोसाको कुनै विन्दु नभेटेको बेला
दिलको दैलो खोल्न आयौ तिमी कस्तो बेला।

फूल जस्तै असिनाको चोट पनि सहेको थेँ
घाम, पानी, बतासमा काँडाबीच हाँसेको थेँ।

जीवनको गोरेटोमा भौंतारिएको बेला
दिलको दैलो खोल्न आयौ तिमी कस्तो बेला।

---

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/





## सुमन श्रापित

पहरामा फलेको फर्सी भाछ जीवन
तैपनि कछुवा झैं घस्री राछ जीवन।

कस्तो भीरमा रोपी दियौ विधताले मलाई
कति पीडा सहेको छु सुनाउँ म कसलाई।

कति बेला भेट्नो कुइन्छ तर्सी राछ जीवन
पहरामा फलेको फर्सी भाछ जीवन।

गतिलो थाक्रो पाइनँ भुइँमा लडेको छु
पैतलाले सपना कुल्ची त्यसै सडेको छु।

चोटहरूको थुङ्गाले पर्सी राछ जीवन
पहरामा फलेको फर्सी भाछ जीवन।

पोखरा-१८, अधेरी कुना, कास्की।

---

**अब हाम्रो पालो**
संस्मरण, कथा अङ्क।

## सुरेश काफ्ले 'विदारक'

मनका कुरा मनमै राखी बोल्नै सकिनँ
तिम्रो मनमा फुल्नु थियो फुल्नै सकिनँ ।
माया, बोल्नै सकिनँ.....

कुन पापीको नजर लाग्यो यो मायामा ?
वर्षौं वर्ष पर्खी बसेँ तिम्रो सम्झनामा
आखिरमा टिपी लग्यो आफ्नो भएन
तिम्रो मनमा फुल्नु थियो फुल्नै सकिनँ ।
माया, बोल्नै सकिनँ.....

तिमी पनि इसाराले तिम्रै हुँ भन्थ्यौ
अनायासै डोली चढी उसकै घर गयौ
चाह थियो राख्न मनमा राख्नै सकिनँ
तिम्रो मनमा फुल्नु थियो, फुल्नै सकिनँ
माया, बोल्नै सकिनँ.....

अझै पनि सम्झनामा झझल्को आइर'न्छ
बाहिर खुसी देखाउनु छ भित्र जलिर'न्छ
यो मन्दिरमा सजाउनु'थ्यो बोल्नै सकिनँ
तिम्रो मनमा फुल्नु थियो फुल्नै सकिनँ
माया, बोल्नै सकिनँ.....

वराहक्षेत्र न.पा.-११, सुनसरी ।





## सुवाश जमरकट्टेल

माथिमा बसे जोडीमा ढुकुर हामीलाई हेरेर
मायामा सधैं हामी नि बसौं अँगालो बेरेर ।

हिमाल माथि घाम है फुल्छ चाँदीको ताजमा
तिमीले मुहार नछोप्नु कान्छी मानेर लाजमा
अँगालो मारी कसरी बसौं के भन्लान् देखेर
साथीले देखे लाज है लाग्छ बसौं न छेकेर ।

माथिमा बसे जोडीमा ढुकुर हामीलाई हेरेर
मायामा सधैं हामी नि बसौं अँगालो बेरेर ।

तिमी है आउनु पिपलुबर डेटिङ जानलाई
बुलेट चढी मै आउँछु कान्छी घुमाउन लानलाई
आमाले सोधे कहाँ जाने भन्नु डर लाग्छ भाग्नलाई
जन्तीमा लिई घर मै आउन कन्यादान माग्नलाई ।

हाँगामा बसे चखेवा जोडी हामीलाई हेरेर
मायामा सधैं हामी नि बसौं अँगालो बेरेर ।

हङ्कङ्को सारी, चुरा र पोते नौमती बजाई
मिलेमा कुरा डोलीमा लान्छु नत्र त भगाई
लगाई सारी, चुरा र पोते जग्गेमा बसौंला
मनकी प्यारी घरमा दुलही बनेर पसौंला ।

माथिमा बसे जोडीमा ढुकुर हामीलाई हेरेर
नाच्नेछन् साथी हर्षमा यहाँ हामीलाई घेरेर ।

नेचासल्यान गाउँपालिका ४ सोलुखुम्बु ।

## स्पन्दन विनोद

तिमीले पासो लगायौ दौडिएर आए
मेरो आफ्नै हातले त्यो डोरी फुकाएँ

बचाउन सकिनँ हारी गयौ तिमी
मेरा सारा सपना मारी गयौ तिमी।

टुहुराको आँखामा आमा आमा पाएँ
तिमीले पासो लगायौ डौडिएर आएँ।

हुन्न रै'छ नलेखेको तिमी जुनीभरि
आँसु सुकाई गयौ नि खोज्छु वरिपरि।

तिमीलाई बचाउन मैले हरेस खाएँ
तिमीले पासो लगायौ डौडिएर आएँ।

—





## हरि कट्टेल

जता जाऊँ, ठान्छ मान्छे आफू मात्रै धेर
एउटा मान्छे सेर भए अर्को सवा सेर।

गर्दै हिँड्छ ठूलो कुरो बनी हिँड्छ सुरो
आफू देख्छ माछापुछ अर्को देख्छ भुरो।

राम्रा मीठा जति आऊन् भन्छ उसकै नेर
एउटा मान्छे सेर भए अर्को सवा सेर।

नभन न साथी यहाँ आफू मात्रै खाऊँ
आफू चाहिँ डुक्रिरहूँ अरू गरून् म्याऊँ।

अर्को हिड्ने बाटो छेक्दै देख्छु जतिखेर
एउटा मान्छे सेर भए अर्को सवा सेर।

जता जाऊँ ठान्छ मान्छे आफू मात्रै धेर
एउटा मान्छे सेर भए अर्को सवा सेर।

विराटनगर।

—

## हरिशरण ढुङ्गाना

म पूर्वको लाली हुँ सभ्यताको बिहानी
हिमवत् खण्डैमा छ चन्द्र सूर्य निशानी ।

हृदयमा गुराँस नै ढकमक्क फुल्छ
सगरमाथा ताज मेरै शिरमा खुल्छ ।
म पूर्वको ............

कोशी काली अमृत तराई सबै डुल्छन्
जडीबुटी पहाडमा दुःख सारा भुल्छन् ।
म पूर्वको ............

बुद्ध, सीता, जनकका मन्त्र सब भज्छन्
डाँफे चरी हिमालमा वीर गाथा रच्छन् ।
म पूर्वको ............

जहाँ म पुग्छु नेपाली माटो नै खोज्दछु
यो ज्ञान, कर्म र जन्मको भूमि रोज्दछु ।
म पूर्वको ............

जोरपाटी, गोकर्णेश्वर काठमाडौं ।

---





k5f/sf] kftf]

# गीतको सैद्धान्तिक स्वरूप

**ज्ञानु अधिकारी**

### १. परिचय

गीत मानव सभ्यताको सबैभन्दा पुरानो अभिव्यक्ति कला हो । समयको अनन्त, प्रवाहसँगै यसको स्वरूप, संरचना र विषयमा नयाँ नयाँ आयामहरू थपिँदै गएको देखिन्छ । सामान्यतया गाउनका लागि रचना गरिएको पद्यात्मक भाषिक रचनालाई गीत भन्ने गरिए पनि पछिल्लो समय गीत गेय मात्र नभई, पाठ्य वस्तुका रूपमा पनि लेखिएको देखिन्छ । यसरी हेर्दा गीत दुई प्रकारका देखिन्छन् । पहिलो प्रकारमा मौखिक परम्परामा विकसित हुँदै आएको लोकगीत पर्दछ भने दोस्रो प्रकारमा लेख्य परम्परामा विकसित हुँदै आएको आधुनिक गीत पर्दछ । लोकगीतको विषय क्षेत्र र ऐतिहासिक पृष्ठभूमि व्यापक र समृद्ध छ । यस आलेखमा लोकगीत भन्दा पृथक् पहिचान बनाएको आधुनिक गीतको सैध्दान्तिक स्वरूपलाई विवेचना गर्ने प्रयास गरिएको छ ।

आधुनिक गीतको प्रारम्भ लोकगीतकै आधारभूमिमा टेकेर गरिएको भए पनि यो आधुनिक समाज र आधुनिक जीवन शैलीको प्रभावबाट अगाडि बढेको देखिन्छ । यसप्रकारका गीतलाई गीति कविता वा गीति काव्यसँग जोडेर हेर्ने पनि गरिन्छ । साहित्यिक अभिव्यक्तिका रूपमा लिइने यी तिनै प्रकारका लेख्य अभिव्यक्तिको साझा विशेषता गेयात्मकता भए पनि आयाम र संरचनाका दृष्टिले यी तीन प्रकारका रचनामा केही भिन्नता देखिन्छ । अङ्ग्रेजीमा Lyric वा Song भनिने गीत शब्दले सङ्गीतयुक्त र सङ्गीतमुक्त दुवैथरी गेयात्मक अभिव्यक्तिलाई बुझाउँछ । गीतको आरम्भ सुरुसुरुमा लौकिक जीवनका अनुभूति र धार्मिक निष्ठा प्रकट गर्ने सन्दर्भमा भए पनि अहिले आएर गीतले मानवीय संवेदना र मानवीय समाजका विविध सन्दर्भलाई समेटेको देखिन्छ ।

### २. गीतको परिभाषा

जीवनको भोगाइ, अनुभूति, कल्पना आदिको समुच्चयबाट प्रकटित हुने हार्दिक अभिव्यक्तिलाई गीत भनिन्छ । गीत विशेष गरी आत्मकेन्द्री हुन्छ र लयको आवरणमा यसले स्रष्टाको आत्माभिव्यञ्जनालाई प्रस्तुत गर्दछ । आधुनिक गीतमा गेयात्मकता साथै काव्य तत्त्व पनि प्रचुर रूपमा पाइने हुनाले यो गायनका

साथसाथै पठनका निम्ति पनि उत्तिकै रुचिकर देखिन्छ । गीतका सम्बन्धमा विभिन्न विद्वान्हरूले आआफ्नै दृष्टिकोण राख्नुका साथै विभिन्न ग्रन्थहरूमा यसबारेमा चर्चा गरिएको छ । गीत के हो ? भन्ने सम्बन्धमा गरिएका केही परिभाषाहरूलाई यहाँ चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

नेपाली बृहत् शब्दकोशमा गीतलाई 'विशेषतः गाउनका निम्ति रचिएको सुललित पद्य रचना वा गाना (पृष्ठ, ३२२) भनेर चिनाइएको छ भने इनसाइक्लोपेडिया अमेरिकामा 'गीतको मूल धर्म सङ्गीतात्मकता, भावको उच्छलन र आत्मपरकता आदि भए पनि हिजो आज अति भावुकता र सङ्गीतलाई निषेध गर्ने विचारात्मक गीत श्रव्यभन्दा बढी पाठ्य र भाव परकभन्दा बढी विचारात्मक हुने गर्दछन् (भोल्युम १७ पृ.८९०) । भनिएको छ यसबाट के बुझिन्छ भने गीत विशेष गरी गाउनकै निम्ति रचना गरिने भए पनि विचार र भावको गहनताका साथै कलात्मक प्रस्तुतिले गर्दा गीत पनि क्रमशः पाठ्यवस्तु बन्दै गएको देखिन्छ ।

